# इस्लामको उपदेश

# ISLAM KO UPDESH

लेखक
मोहम्मद इदरीस "सलफी"

प्रकाशक :
इस्लामिक गाइडेन्स सेन्टर तौलिहवा, कपिलवस्तु (नेपाल)

E-mail: mohammadidrees787@yahoo.com
Mo.:981199140,9727649238

## प्रोफरीडर नेपाली

श्री स्वा. पिंगल प्रसाद उपाध्याय
आई०ए० शास्त्री
शिक्षक– श्री बुद्धपद्म व्यवसायिक माध्यमिक विद्यालय
कपिलवस्तु, तौलिहवा (नेपाल)

## प्रोफरीडर अरबी

हजरत मौलाना मोहम्मद सईद साहब "नदवी"

पहिलो संस्करण १००० प्रति
प्रकाशन साल : वि.स. २०३८–७–६ मा
दोस्रो संस्करण १००० प्रति
प्रकाशन साल– वि.स. २०४६–५–४ मा
तेस्रो संस्करण १००० प्रति
प्रकाशन साल वि.सं. २०७१।३।१४
सऊदीअरबबाट अनेक संस्करण
सर्वाधिकार लेखकमा सुरक्षित छ ।
मुद्रणः आई.बि.एम.अफसेट प्रेस एण्ड फ्लेक्स वोर्ड
सेन्टर गौढी चौक तौलिहवा कपिलवस्तु
कम्प्युटर टाईपः सुश्री मन्जु चौधरी
डिजाईनरः राधेश्याम चौधरी
फोन नं.०७६–५६०७४७ मो.९८५७०५०७४७

# विषय-सूची


| क्र.सं. | शिर्षक | पृष्ठ |
|---|---|---|
| १- | खुत्बः दोम (अर्थात दोस्रो धर्मोपदेश)को बारेमा | |
| २- | दोस्रो खुत्बः | |
| ३- | तौहीदको विषयमा र शिर्कको घृणा माथि उपदेश | |
| ४- | नमाजको बारेमा उपदेश। | |
| ५- | जकातको बारेमा उपदेश। | |
| ६- | रमजानको बारेमा उपदेश। | |
| ७- | हजको बारेमा उपदेश। | |
| ८- | आपसी मेल-मिलाप र एकता माथि उपदेश। | |

## भूमिका

हाम्रो देश नेपालको अधिकांश भाग पहाडी छ। त्यस क्षेत्रमा बस्ने हाम्रा मुसलमान दाजु-भाईहरू र दिदी-बहिनीहरूले आफ्नो धर्म इस्लाम सित लगभग अपरिचित र अनभिज्ञ छन् भन्ने कुरा म स्व. "मौलाना अब्दुर्रऊफ साहब रहमानी" अध्यय, जामिया सिराजुल उलूम, भण्डानगर, कृष्णनगर (नेपाल) बाट थाहा पाएको थिएँ ।

उहाँले "इस्लामको पाँच आधार" नामक एउटा पुस्तक प्रकाशनमा ल्याउनु भएको छ। उक्त पुस्तकमा लेख्नु हुन्छ कि-ती मुसलमान दाजु-भाईको त्यो अज्ञानता हटाउनको लागि निम्न कुराको आवश्यकता छ। ती यी हुन् :-

१) अज्ञानताको कारणले संविधान प्रदत्त धार्मिक स्वतन्त्रताको उपभोग गर्न नपाई रहेका ती दाजु-भाईहरूलाई इस्लाम धर्म सम्बन्धि ज्ञान र जानकारी गराउन कृत संकल्प, निःस्वार्थी र परिश्रमी मानिसहरूको पहिलो आवश्यकता छ।

२) तदोपरान्त ईमान, इस्लाम, तौहीद,(अल्लाहको एकत्व) रेसालत (रसूललाई स्वीकारोक्ति गर्ने) र इस्लामका आधारहरू सित सम्बन्धित साना-साना पुस्तक-पुस्तिकाहरू राष्ट्रिय भाषा नेपालीमा तयार गरी त्यस्ता दुर्गम क्षेत्रका मुसलमानहरूमा निःशुल्क वितरण गराउनु पर्ने दोस्रो आवश्यकता छ।

तसर्थ उपर्युक्त दुबै कुराहरू माथि म विचार गरेर कृत संकल्प निःस्वार्थ तथा इमान्दारीको साथ यो कार्य सम्पन्न गर्न प्रयत्न गरी यो किताब "इस्लामको उपदेश" राष्ट्रिय भाषा नेपालीमा तयार पारेको छु। यस किताबमा इस्लामको मूल आधारहरू तौहीद,नमाज,रोजा,हज,जकात र एकता माथि उल्लेख गरेकोछु।

यो किताब म "स्वर्गीय हजरत मौलाना मोहम्मद हमीदुल्लाह साहब रहमतुल्लाह" को "खुत-बातुत्तौहीद" नामक किताबबाट सहयोग लिई राष्ट्रिय भाषा नेपालीमा लेखेको छु।

"इस्लामको उपदेश" भन्ने इस्लामी पुस्तक प्रकाशनमा ल्याउने यो तेस्रो अवसर मलाई प्राप्त भएको छ र म बाहेक देश विदेश जस्तै सऊदी अरब, कतार, कुबेत इत्यादि मुलुकहरूबाट समेत ख्याति पाई ती मुलुकहरूबाट पनि प्रकाशित भई रहेको छ। मलाई आशा छ कि यस किताबलाई प्रत्येक नेपाली मुसलमानहरूले सम्मान गर्ने छन्। साथै अल्लाह तअलामा स्वीकार भएर मलाई मुक्ति प्राप्त होस् भन्ने प्रार्थना गर्दछु।

यसमा जति पनि कुरा लेखेको छु, ती सबै पवित्र कुर्आन र पवित्र हदीसको प्रकाशमा लेखेको छु। कुर्आन र हदीसको पेज नं. र आयात र रूकूअको नं. समेत लेखेको छु जसले गर्दा आवश्यकतानुसार खोज्नमा अपठ्यारो नपरोस्। यसमा सजिलो र सुहाउँदो शब्द प्रयोग गर्ने प्रयास गरेको छु। जसले गर्दा कम पढे लेखेका व्यक्तिहरू पनि राम्ररी बुझ्न र लाभ उठाउन सकुन्। यो कितााब जुमामा पनि पाठ गर्न सक्नु हुन्छ र यस बाहेक अरू कुनै सभा (अन्जुमन) आदि ठाउँमा मानिसहरूको समूहमा धर्म सुधार तथा समाज सुधारको रूपमा वक्तव्य दिन सक्नुहुन्छ।

यस पुस्तकको भाषिक त्रुटिको सुधार गर्नमा सहयोग पुऱ्याउने र प्रकाशनमा आर्थिक सहयोग पुऱ्याउने महानुभावहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु, अल्लाहले हामी सबैलाई मुक्ति प्रदान गरून्। (आमीन)

लेखक
मोहम्मद इदरीस सलफी
क.ब.न.पा.९ महुवा,कपिलवस्तु नेपाल

## खुत्बः दोम (अर्थात दोस्रो धर्मोपदेश) को बारेमा

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लम जुमाको दिन जुमाको नमाज भन्दा पहिला दुईवटा खुत्बः दिने गर्दथे र दुबैको बीचमा एक छिन मिम्बर माथि बस्दथे र सके सम्म संक्षिप्त खुत्बःदिने गर्नु हुन्थ्यो ।

यसबाट थाहा हुन्छ कि जुमाको दिन जुमाको नमाज पढ्नुका लागि दुईवटा खुत्बः पढ्नु जरूरी छ । जुमाको नमाजको धेरै ठूलो महत्व छ र यो जुन सुकै ठाउँमा जमात अर्थात समुहका साथ पढ्न सकिन्छ । हदीसमा जमातको परिभाषा यस प्रकार गरिएको छ । र सूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि जब मान्छे दुई वा दुई भन्दा बढी हुन्छन् तब त्यसलाई जमात भनिन्छ । (मिश्कातुल मसाबीह)

पहिला खुत्बः यस किताबका सबै विषयहरू हुन् । ती विषयहरू मध्ये कुनै एक विषयलाई हेरेर अथवा कण्ठ गरेर प्रवचनको रूपमा पढ्न सकिन्छ । एक विषय एक जुमाको लागि प्रयाप्त छ । अर्को जुमामा अर्को विषयमा प्रवचन दिनुपर्छ । प्रवचन सिद्धे पछि एकै छिन मिम्बर माथि वस्ने र बसेपछि तुरून्तै उभिनुस् र यो दोस्रो खुत्वः पढेर जुमाको नमाज पढ्नुस् । यस प्रकार हरेक जुमाको नमाज दुई खुत्बको साथ पढ्नु पर्छ । दोस्रो खुत्बमा यही दोस्रो खुत्ब सधैं पढनु पर्छ ।

पाठक वर्गहरू सित अनुरोधछ कि सबै मुसलमानहरूको मुक्ति तथा सुधारका लागि प्रार्थना गर्नुका साथ साथै म सेवक लेखकका लागि पनि आफ्ना स्तुतिमा समभी दिनुहोला भने मेरो लागि ठूलो उपहार हुनेछ । अल्लाह यस धार्मिक सेवालाई स्वीकार गरी मुक्तिको माध्यम बनाओस् (आमीन) रब्बना तकब्बल मिन्ना इन्नका अन्तसस्समीउल अलीम ।

लेखक
मोहम्मद इदरीस सलफी

## दोस्रो खुत्बः

बिस्मिल्ला हिर्रहमानिर्रहीम ।

अल्हमदु लिल्लाहे नहमदोहू व नसतईनोहू व नसतग्फिरहु व नोमिनो बेही व नतवक्कलु अलैहे व नऊजु बिल्लाहे मिन शोरूरे अनफोसेना वमिन सैयाते आमालेना, व मैंयह देहिल्लाहो फला मोजिल्ला लहू, व मैंयुजलिलहो फला हादिया लहू, व नश्हदोअल्लाइलाहा इल्लल्लाहो वहदहू ला शरीका लहू, व नश्हदो अन्ना मोहम्मदन अब्दहू व रसूलहू । अम्माबअद :

फअऊजो बिल्लाहे मिनश्शैतानिर्रजीम । बिस्मिल्ला हिर्रहमानिर्रहीम । इन्नल्लाहा व मलाइकतहू योसल्लूना अलन्नबी । या अय्यो हल्लजीना आमनू सल्लू अलैहे व सल्लेमू तसलीमा अल्लाहुम्मा सल्ले अला मोहम्मदिंव व अला आले मोहम्मदिन कमा सल्लैता अला इब्राहीमा व अला आले इब्राहीम इन्नका हमीदुम मजीद । अल्लाहुम्मा बरिक अला मोहम्मदिंव वअला आले मोहम्मदिंन कमा बारक्ता अला इब्राहीम वअला आले इब्राहीमा इन्नका हमीदुम मजीद । वगफिर अल्लाहुम्मा लेजमीइल मोमेनीना वल मोमिनाति वल मुस्लेमीना वल मुस्लेमाति, अल अहयाऐ मिनहुम वल, अमवाति, अल्ला हुम्मनसुर मन नसरादीना मोहम्मदिन सल्लल्लाहो अलैहे वसल्लम् वजअलना मिनहुम वखजुल मनअराजा अनदीने मोहम्मदिन सल्लल्लाहो अलैहे वसल्लम वला तजअलना मिनहुम आमीन । इबादल्लाहे रहेमको मुल्लाहो, इन्नल्लाहा यमरो बिल अदले वल इहसाने वइताइजिल कुरबा वयन्हा अनिल फहशाइ वल मुनकर वल बगीइ । या ऐजोकुम लअल्लकुम तजक्करून वजकुरूल्लाह यजकोरूकुम वदऊहो यसतजीबो लकुम वला जिकरूल्लाहे तअला औला व जल्लू व अक्बर ।

# बिस्मिल्ला-हिर्रहमानिर्रहीम।

(शुरू गर्दछु अल्लाहको नामबाट जो बडा कृपालु अत्यन्त दयालु छ)

## तौहीद❖को विषयमा र शिर्क★को घृणा माथि उपदेश

बिस्मिल्ला-हिर्रहमानिर्रहीम।

नह्मदोहू व नोस्ल्ली अला रसूलेहिल करीम्ः- अम्माबादः-

फकद कालल्लाहो तअला "या अय्योहन्नासुअबुदू र ब्बकोमुल्लजी खलक कुम वल्लजीना मिन कब्लेकुम लअल्लकुम तत्तकून। अल्लजी जअलालकोमुल अर्जा फेराशौं वस्समाअ बेनाऔं व अन्जला मिनस्समाइ माअन फअखरजा बेही मिनस्समराते रिजकल्लकुम फला तजअलु लिल्लाहे अन्दादौं व अन्तुम तअलमून" (यो सूरःबकर ःको तेस्रो रूकुअमा छ)।

**अर्थः**- अल्लाहतअलाले सूरः बकरको तेस्रो रूकूमा भनेको छः "हे मनुष्यहरू पूजा गर आफ्नो परवर दिगारको जसले तिमीलाई जन्म दिएको छ, र उनको जो तिमी भन्दा पहिले थिए। त्यो अल्लाह जसले तिम्रो निम्ति पृथ्वीलाई ओछयान र आकाशलाई छत बनाएको छ र आकाशबाट पानी बर्षाउँछ र पृथ्वीबाट किसिम किसिमको फलफूल उब्जाउँछ, जुन तिम्रो भोजन हो। यसले गर्दा अल्लाहको साझी कसैलाई नगर र यसबाट बच्, तिमी जान्दछौ कि तिमीलाई जन्म दिने र आकाश पृथ्वीको रचना गर्ने, भोजन दिने, मार्ने, पाल्ने, हानि लाभ पुऱ्याउने आदि सबै कुरा अल्लाह कै हुक्म र शक्तिबाट हुन्छ। कसैको यसमा साझी र सहारा छैन। फेरि जानी

❖ अल्लाहको एकत्व अर्थात् अल्लाहलाई एक मान्नु र उसको काममा कसैलाई शरीक भएको नमान्ने धारणालाई "तौहीद" भन्दछन्। अर्थात एकईश्वरवादी

★अल्लाहको काममा अरूलाई शरीक वा सहयोगी भएको मान्ने धारणालाई "शिर्क" भनिन्छ। अर्थात अनेक ईश्वरवादी

जानी अरूहरूलाई उसको साझी बनाउनु ठूलो जुल्म हो" । यसैले सूरः निशाको छैठौं रूकूमा अल्लाह तआलाले भनेको छ :-

"इन्नल्लाहा ल यग फेरो अय्युँशिरिका बेही व यग फेरो मादूना जालिका लेमैंयशाओ व मैय्युँशिरिक बिल्लाहि फकद जल्ला जलालम बईदः" ।

**अर्थः** निश्चय नै अल्लाहले त्यस्तालाई मुक्त गर्ने छैन, जसले उसको क्रियाकलापमा अरूलाई साझेदार ठहराउँछ । जसले अल्लाहको क्रियाकलापमा अरूलाई साझेदार ठहरायो, ऊ निश्चय नै बाटो बिर्सेको छ । अर्थात् कुनै किसिमको कसैले पाप गर्छ भने त्यो पनि बाटो बिर्सेको छ तर जसले शिर्क गऱ्यो त्यो त यस्तरी बाटो बिर्स्यो कि उसका लागि कुनै पनि ठाउँ नै छैन ।

**उदाहरणार्थ**-अल्लाहले सूरः हजको चौथो रूकूमा भनेको छः-"व मैय्युशिरिक बिल्लाहि फकअन्नमा खर्रमिनस्समाई फतख तफोहुत्तैरो अवतहवी बेहिर्रीहो फी मकानिन सहीक" ।

**अर्थः**-जसले अल्लाहको साझी ठहराउँछ । त्यो आकाशबाट खसे जस्तो हुन्छ । फेरि उसलाई उड्ने जानवर समातछन् -अथवा हावाले कुनै टाढाको घरमा फ्याकी दिन्छ । अर्थात अरू पाप माथि यो आदेश छ कि या त दण्ड होस् या अल्लाहले चाहेमा मुक्ति भई हाल्छ, तर शिर्क माथि यो आदेश लगाईएको छ कि उसलाई कहिल्यै उद्धार हुने छैन । किन कि यो पाप साह्रै नै ठूलो पाप हो,उसको बराबरमा कुनै पनि पाप छैन ।

मिश्कात शरीफ बाब केबायरमा अब्दुल्लाह बिन मसऊदबाट बयान छ-"काला काला रजुलुन या रसूलुल्लाह! अय्युँज्जम्बे अकबरो इन्दल्लाहे काला अनतदओवा लिल्लाहे निद्दौँ वहुवा खलकका" ।

**अर्थः**-अब्दुल्लाह बिन मसऊदको भनाई छ-कि एउटा

मानिसले रसूलुल्लाह सल्लल्लाहो अलैहेवसल्लम सित सोध्यो कि हे अल्लाहको  रसूल ! सबभन्दा ठूलो पाप अल्लाहको निकट कुन हो ? त रसूलुल्लाहले भन्नु भयो अल्लाहको साथमा अरू कसैलाई साक्षी ठहराउनु नै सबै भन्दा ठूलो पाप हो, किनभने उसले तिमीलाई पैदा गरेको छ" र मिस्कात बाब केबायरमा माज बिन जबलबाट रिवायत छः–"लातुश्रिक बिल्लाहे शैऔँ व इन कुतिलता अव हुर्रिक्ता" ।

**अर्थ**ः- रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि अल्लाहको साथमा कसैलाई शरीक नगर ? यदि तिमीलाई कुनै दुष्ट मानिसले शिर्कको काम गराउन चाहोस् र यो भनोस् कि यो काम गर नत्र तिमीलाई कत्ल गर्छु अथवा आगोमा पोलि दिन्छु तै पनि शिर्कको काम न गर्नुस्, यद्यपि त्यो दुष्ट तिमीलाई किन न मारि दियोस् अथवा आगोमा किन न पोलिदियोस् ।

सावधान भएर हेर्नुस् र ध्यान दिनुस् कि अल्लाह र हाम्रो प्यारा रसूलले कुन तरिका र कसौटीका साथ आदेश दिएका छन्, तर आज हाम्रो हजारौ हजार महिला पुरूष मानिसको यो बानी छ कि मुसलमान पनि कहलाउँछन् र ताजियाको पूजा पनि गर्छन् । कोही झण्डा र निशानको, कोही मीरा शेख सद्दोको, कसैको रोटपोट, कसैको मेजारमा (समाधिमा) टाढा-टाढाबाट आएर आशिक मांग्दछन् र मिन्नत वा नियाज चढाउँछन् कसैलाई दोहाई दिन्छन्, कसैको नामको कसम (सपथ) खान्छन् आदि नाना प्रकारको शिर्क गर्छन ।

यी नादान (मूर्ख) यति पनि बुझ्दैनन् कि त्यो कस्तो गुरू, पीर, वली, शहीद, नबी अथवा फरिस्ता (देवदूत) हो जसलाई कुनै प्रकारको लाभ अथवा हानी गर्नलाई शक्ति मिलेको छ । यसैले अल्लाह तआलाले सूरः फातिरको दोस्रो रूकूमा भने छ :-

"वल्लजीना तदऊना मिनदूनिही मायमलेकूना मिन

कितमीर। इनतदऊहुम लायसमऊ दोआ वोकुम वलौ समेऊ मसतजाबू लकुम व योमल कियामते यकफुरूना बे शिर्के कुम" ।

**अर्थ**:-"अल्लाह तअलाले कुर्आन शरीफको सूरः फातिरमा भन्दछन् कि "अल्लाह बाहेक जसलाई तिमी पुकारछौ या पूजा गर्छौ, ती एक कणको पनि मालिक छैनन्। यसकारण तिमी तिनलाई पुकार छौ भने तिम्रो पुकार पनि सुन्न सक्दैन्न र अन्तमा प्रलयको दिन तिम्रो शिर्क र पूजा पुकारबाट इन्कार गरिदिनेछन्" । यसले गर्दा मुश्रिक (काफिर) हरू भन्दा धेरै मुर्ख कोही पनि छैन, किनकि अल्लाहसँग कोही पनि माग्दैनन् जो सम्पूर्ण विश्वको र आकाश पातालमा रहेको प्रत्येक बस्तुहरू माथि उसको अधिकार छ र सम्पूर्ण जीवजन्तु, रूख, विरूवा आदि सबै उसको आधिनमा छन्। तर तिमी यस्तोसँग माग्दछौ जुनकी कुनै प्रकारको शासन र शासक्त्व राख्दैनन् र गर्न पनि सक्दैनन्। कुर्आन मजीदको सूरः अहकाफको पहिलो रूकूमा अल्लाह तआलाले भनेको छ –

"व मन अजल्लो मिम्मँय यदऊ मिन दूनिल्लाहे मंल्ला यसतजिबोलहू एला योमिल कियामते वहुम अनदोआएहिम गफेलून। वइजा होशेरून्नासो कानूलहुम आ-दा-औं व कानू बे इबादतेहिम काफेरीन।"

**अर्थ**:-यस भन्दा धेरै भ्रममा पारिएको कुन व्यक्ति होला ? जसले अल्लाहलाई छाडेर यस्ता व्यक्तिलाई पूजनीय ठानेर पूजा गर्छ र पुकार गर्छ जो त्यसलाई प्रलयको दिनसम्म पनि जवाफ दिदैनन्, साथै पुकार गर्नेहरूलाई थाहा पनि हुँदैन् । जब सबै प्रलोकमा प्रलयको दिन इकत्रित हुन्छन् त तिनी ती पुकार गर्नेहरूको शत्रु भइ हाल्छन्, र उनका पुकार र पूजाबाट अज्ञानता जाहेर गरी हाल्छन्"। कुर्आन मजीदको सूरः मायदः को दशौं रकूमा अल्लाह तअलाले

भनेको छः–

"इन्नहू मैंयुशिरक बिल्लाहि फकद हर्रमल्लाहो अलैहिल जनता वमा वाहुन्नारो वमा लिज्जालेमीना मिन अन्सार" ।

**अर्थ**:- जो कोही अल्लाहको साक्षी ठहराएको छ निश्चयनै अल्लाहले उसको लागि जन्नत (बैकुण्ठ) हराम गरिदिन्छ र उसको ठेगाना दोजख (नर्क) मा हुन्छ अन्याय र अत्याचार, पाप गर्नेलाई कोही पनि सहायता गर्ने छैन् ।

मिस्कातमा जाबिर रजिअल्लाहो तअला अनहोबाट बयान छ कि रसूलुल्लाहले भन्नु भएको छ किः– दुईटा चीज यस्ता छन् जुन दुई कुरालाई प्रमाणित गर्दछन् । एउटा मानिसले सोध्यो कि हे अल्लाहको रसूल ती दुबै चीज प्रमाणित गर्ने कुन कुन हुन ? उहाँले भन्नुभयो कि जुन व्यक्ति अल्लाहसँग अरूलाई साक्षी गर्दैनथ्यो त्यो मरेपछि बैकुण्ठमा जान्छ र जुन व्यक्ति अल्लाहसँग अरूलाई साक्षी (शरीक) गर्दथ्यो त्यो मरेपछि नर्कमा जान्छ अर्थात् शिर्क गरी मर्छ भने नर्कमा जान्छ र तौहीद गरी मर्छ भने जन्नतमा जान पाउँछ ।

यसले गर्दा प्रत्येक मुसलमान दाजु–भाईहरूले शिर्कबाट बच्नु नै अति आवश्यक छ । दुःख होस् वा खुशी, बिरामी अथवा तन्दुरुस्ती, मन पराओस वा न पराओस् तै पनि प्रत्येक समयमा र हरेक काम कुरामा अल्लाह माथि ध्यान र दृढ विश्वास गर कि अर्श देखि फर्श (आकाश देखि पाताल) सम्म सबै पदार्थ जीवजन्तु आदि जे पनि छन् सबै अल्लाहको अधिकारमा छन् सबै जिन, मनुष्य, पीर–पैगम्बर, साधू, फकीर, महार्षि इत्यादि यसको शासन र शक्तिको अगाडी लाचार छन् । अल्लाहको आज्ञा न भए सम्म कुनै प्रकारको हानी अथवा लाभ हुन सक्दैन ।

मिस्कातको बाब सब्र व तवक्कलमा इब्ने अब्बासबाट बयान छ :-
"कुन्तो खलफा रसूलिल्लाहे सल्लल्लाहो अलैहे वसल्लम् योमन फकाला या गोलामो इहफजिल्लाहा यहफजका इहफजिल्लाहा तजिदहो तेजाहका वइजसअल्ता फस् अलिल्लाहा वइजस तअन्ता फसतइनू बिल्लाहे व आलम अन्नल उम्मता लविज तमअत अला अँय्यन फओका बेशैइन लमयन फओका इल्ला बेशैइन कद कतबहुल्लाहो लका वइनिज तमऊ अला अँप्यजुर्रूका बेशैइन लमजुर्रूका इल्ला बेशैइन कद कतबहुल्लाहो अलैका रोफेअतिल् अकलामो व जफ्फतिस्सोहोफो" ।

**अर्थ**:- इब्ने अब्बासले बयान गरेका छन् कि एक दिन म रसूलुल्लाहको पछि पछि जाँदै थिएँ । त उहाँले भन्नु हुन्छ कि ए केटो तिमी अल्लाहको माया महिमालाई याद राख ? अल्लाहले तिम्रो रक्षा गर्छन् । अल्लाहलाई प्रत्यक्ष रूपमा सर्वशक्तिमान र निरंकार ठान, उसलाई आफ्नो अगाडी नै पाउने छौं । जब तिमी माथि कुनै किसिमको आपत्ती आई लागोस् त उसैसित मद्दतको लागि बिन्ती गर । जब तिमीलाई कुनै प्रकारको सहायताको खाँचो परोस् त उसैसित सहायता माग र यो विश्वास गर कि यदि समस्त संसारका मानिस एउटै ठाउँमा इकत्रित भएर तिम्रो निम्ति कोही लाभ गर्न चाहुन त लाभ गर्न सक्दैनन् । बरू त्यती मात्र हुन्छ जति कि तिम्रो भाग्यमा लेखिएको छ, र यदि त्यही सबै मानिस मिलेर तिमी प्रति केही हानि नोक्सानी गर्न चाहुन त हानि गर्न सक्दैनन् । बरू त्यति मात्र हुन्छ जुन तिम्रो भाग्यमा लेखेको छ । कलम रोकियो र कागत सुकाइयो, अर्थात् लाभ र हानि जे पनि हुनेछ त्यो लेखेको छ र त्यही हुन्छ । यसमा कसैको केही साभी र सहारा छैन, कि उसमा केही

फरक अथवा घटाऊ बढाऊ गर्न सक्दैनन् र बदल्न पनि सक्दैनन् ।

यसले गर्दा सधैं अल्लाह माथि विश्वास गरेर जिवित रहने उसै माथि अटल भएर मर्ने प्रयास गर । जसले गर्दा तौहीद माथि स्वर्गबास होस् । जस्तो अल्लाहले सूरः आले इमरानको एग्याह्रौ रूकुमा भनेको छ –

"या अय्योहल्लजीना आमनुत्तकुल्लाहा हक्का तोकातेही वला तमू तुन्ना इल्ला व अन्तुम मुस्लेमून" ।

अर्थः–"हे ईमान्दार मानिसहरू अल्लाह सित डराऊ यस्तो डराऊ जस्तो डराउनको हक छ ।" अर्थात प्रत्येक समयमा र हरेक काम कुरामा अल्लाह सित डराऊ र यस्तो कर्म कर्तव्य गर जसले गर्दा इस्लाम र तौहीदमा देहान्त होस् र अन्तमा उद्धार पनि होस् ।

अब अन्तमा अल्लाह सित बिन्ती छ कि हामी सबै मुसलमान दाजुभाई आदिलाई सुकर्म गर्न र शिर्कबाट बच्नको लागि ज्ञान र साहस देऊन् । (आमीन) व आखेरो दावाना अनिल हम्दो लिल्लाहे रब्बिल आलमीन (आमीन)

# नमाजको बारेमा उपदेश

**बिस्मिल्ला हिर्रमानिर्रहीम ।**

"अल्हम्दो लिल्लाहे व कफा व सलामुन अलाइबादे हिल्लजीनस्तफा" । अम्माबाद :-
बिस्मिल्ला हिर्रहमानिर्रहीम:- "फकालल्लाहो तअला उतलो माऊहीया इलैका मिनल किताबे व आकेमिस्सलाता इन्नस्सलाता तन्हा अनिल फहशाए वल मुनकर वल जिकरूल्लाहे अकबर" ।

**अर्थ**:- "अल्लाहले आफ्ना रसूल सित भनेको छ कि हे रसूल तिमीलाई जुन किताब (कुर्आन) अल्लाहबाट प्राप्त भएको छ, त्यसलाई सुनाऊ र नमाजको बारेमा साह्रै नै कोशिश गर किन कि नमाजले नराम्रो बानी र नराम्रो काम कुराबाट बचाउँछ, र यो उच्चकोटिको पूजा पनि हो" अर्थात् अल्लाहको याद स्मरण पूजा र पुकार गर्न जति पनि नियम छन्, त्यसमध्ये नमाज नै महत्वपूर्ण र अनिवार्य छ र यसमा यो विशेषता छ कि मान्छेको कुबानीलाई बिनाश गरिदिन्छ । जस्तो कि तफ्सीर जामेउल बयानमा यस आयतको सरहमा यो हदीस पेश गरिएको छ:-

"कीला ले अलैहिस्सलामो इन्ना फोलानन् यो सल्ली बिललैले वइजा असबहा सरेका काला सयन्हा मातकूलो" ।

**अर्थ**ः-रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लम सित सहाबा इकरामले भने कि फलानो व्यक्ति राती नमाज पढ्छ र भोलीपल्ट बिहान चोरी गर्छ । त रसूलुल्लाहले भन्नुभयो कि नमाजले त्यस मानिसको त्यो बानी चाडै नै बिनाश गर्छ, छोडाउँछ" ।

अब आज यस युगमा प्रायः देखापर्छ कि सकडौ नमाजी यस्ता छन् कि नमाज पढछन् र पापको काम पनि गर्छन्, यसबाट यो सिद्ध हुन्छ कि उनीहरूले नमाजलाई ध्यान पूर्वक र नियम पूर्वक तथा आत्मामा विश्वास राखेर पढ्दैनन् । किनकि जब पवित्र कुर्आन र पवित्र हदीसबाट स्पष्ट देखिन्छ कि नमाजमा यो विशेषता र गुण छ कि मानिसको कुकर्मलाई बिनाश गरिदिन्छ । त अनिवार्य रूपले नमाजको त्यो प्रभाव जाहिर हुनै थियो । जसको नमाजमा यो विशेषता जाहेर नहोस्, त्यसलाई आफ्नो नमाज माथि ध्यानपूर्वक बिचार गर्नु पर्छ कि अहिले हाम्रो नमाजमा केही त्रुछि छ, र यो अल्लाहमा स्वीकार हुने छैन भन्ने एहसास (अनुभव) गर्नु पर्दछ । तफ्सीर जामेउल बयानमा यो हदीस छ :-

"मल्लम तन तहे हिस्सलातो अनिल फहशाए वल मुनकर लम यजिद मिनल्लाहे इल्ला बोअदः" ।

**अर्थ**:- रसूलुल्लाहो सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि जुन मानिसले नमाज पढदै रहन्छ तर उसको खराब बानी छुट्दैन, त्यो मानिस अल्लाहको आज्ञाकारी भक्त हुनसक्दैन । अर्थात जुन मानिसको यस्तो बानी छ कि नमाज पढ्छ र खराब काम कुरा पनि गर्छ, त्यसको त्यस्तो नमाज (पूजा बन्दगी) उसलाई केही फाइदा गर्दैन । बरू पापमा गन्ती हुन्छ र समय मात्र बरबाद हुन्छ । तर वर्तमान कालमा यस्ता किसिमको नमाजीहरू धेरै देखिन्छन् ।

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :-

"अस्वउन्नासे सरेकतल्लजी यसरेको मिन सला तेहीकालू या रसूलुल्लाह ? वकैफा यसरेको मिन सलातेही काला लायो तिम्मो रूकूअहा व सोजूदहा" ।

**अर्थ** :- सबै चोरहरू भन्दा दुष्ट र नीच खाल (बदतर) को चोर ऊ हो, जसले आफ्नो नमाजमा चोरी गर्छ । सहाबा इकरामले सोधे कि हे अल्लाहको रसूल नमाजमा चोरी गर्नु के हो ? त उहाँले भन्नु भयो कि जुन व्यक्तिले आफ्नो नमाजमा रूकू सजदा पूरा गर्दैनन् । यसले सिद्ध हुन्छ कि नमाजमा हतपत (जल्दी बजी) गर्नाले केही पनि पुण्य (सवाब) मिल्दैन ।

हजरत अलीबाट रिवायत (बयान) छ कि अल्लाहले यस्तो नमाज तर्फ स्वीकारात्मक र कृपा तथा दयाको दृष्टिले हेर्दैन, जसले आफ्नो नमाजमा रूकू सजदामा आफ्नो पिठ्यूं सोझो गर्दैन, रसूलुल्लाहले भन्नु भएको छ कि जुन मानिसले कानमा अजानको आवाज सुन्दा बिना शरीयतको आदेशले घरमा नमाज पढ्छ । त्यसको नमाज स्वीकार हुँदैन सहाबाहरूले सोधे कि या रसूलुल्लाह शरीयतको हुकुमको अर्थ के हो ? उहाँले भन्नु भयो कि ज्यान आदिको खतरा (भय) होस् वा असाध्य बिरामी परेको अवस्था आदि शरीयतको आदेश हो । जुन मानिस शरीयतको आदेश बिना घरमा नमाज पढ्छन्, उनीहरू माथि मलाई यस्तो क्रोध आउँछ कि आफ्नो ठाउँमा कसैलाई इमाम कायम मुकाम गरेर उनको घरमा गएर हेरौं र आगो लगाई दिउँ, जसले बिना शरियतको आदेशले घरमा नमाज पढ्छन् । यस ठाउँमा कोही कोही भन्दछन्,कि घरमा नमाज भई हाल्छ, तर सवाब (पुण्य) कम मिल्छ । उसको जवाफ यो हो कि रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लम् "रहमतुल्लिल आलमीन"

हुनुहुन्छ, तपाईको यो शाने मुबारक होइन् कि हलाल (जायज) अथवा मुबाह (स्वीकार हुनालयक) काममा कुनै मुसलमान या उसका घर या उसलाई आगोमा पोल्न बिचार गरून् ।

यसबाट सिद्ध हुन्छ कि जुन व्यक्तिहरूले बिना शरीयतको आदेशले घरमा नमाज पढछन्, उनीहरूको नमाज नै हुँदैन । यो आदेश लोग्ने मानिसको निम्ति मात्रै छ । महिलाको लागि घर भित्रको नमाज नै उत्तम मानिएको छ । जस्तो कि अबुदाऊद पहिलो जिल्दमा इब्ने मसऊदबाट बयान छ– कि रसूलुल्लाहले भन्नु भएको छ कि महिलाको लागि त्यो नमाज राम्रो छ, जो उसले घरको दलान आदि ठाउँमा पढेकी छिन आईमाईहरूले घरको बरामदामा पढेको नमाज र घरको सब भन्दा भित्रको कोठामा पढेको नमाजमा घरको भित्री भागमा पढेको नमाज अति उत्तम छ । अर्थात् भनाईको मतलब यो हो कि आईमाईका लागि अत्यन्त गोप्यता र पर्दा प्रशस्त भएमा सबाब पनि धेरै पाइन्छ ।

सहीहबोखारी पेज नं. ७६ मा अबुहोरैराबाट बयान छ कि "अरायतुम लौ अन्ना नहरन बे बाबे अहदेकुम । यगतसेलो फीहे कुल्ला यो मिन खमसम् मातकूलूना फी जालिका युबकी मिन दरनेही शैअन काला फजालिका मसलुस्सलवतिल खमसे यमहुल्लाहो बेहल खताया" ।

**अर्थ**:- रसूलुल्लाहले भन्नु भएको छ कि हे सहाबाहरू बताऊ ? यदि कुनै व्यक्तिको ढोकानिर नदी वा नहर बगेको छ र उसमा प्रत्येक दिन पाँच चोटि नुहाउनले उसको शरीरमा केही फोहर मैला रहन्छ या रहदैन ? त सहाबाहरूले भने अलिकति पनि फोहर मैला रहदैन । रसूलुल्लाहले भन्नु भयो कि पाँच चोटीको नमाजको

यही प्रक्रिया हो कि अल्लाहले नमाजको पुण्यले सबै पापहरूलाई क्षमा गरिदिन्छ ।

सहीहमुस्लिम पेज नं.६१ जिल्द पहिलोमा जाबिर रजिअल्लाहोअन्होबाट बयान छ "बैनर्रोजोले व बैनश्शिर्के वल कुफ्रे तरकुस्सलात ।"

**अर्थ**:- रसूलुल्लाहले भन्नु भएको छ कि मानिसलाई मुश्रिक र काफिर हुनमा नमाज नै सबै भन्दा ठूलो फर्क हो । यसले गर्दा जसले नमाजलाई छाडिदियो त्यो निःसन्देह मुश्रिक र काफिर भई हाल्यो । अब आज कति मुसलमान यस्ता छन् । जुनकी न नमाज पढदछन् न रोजा राख्दछन् न जकात दिन्छन् तर आफूलाई मुसलमान भनेर घमण्ड गर्छन् ।

अल्लाह तअलासंग प्राथना छ कि हामी सबै मुसलमान मोमिन दाजु भाईहरूलाई रोजा, नमाज, हज जकात आदि सबै सुकर्मको काम गर्न लगाउन र सोभ्को र सजिलो गरिदेऊ (आमीन) व आखेरो दावाना अनिल हम्दो लिल्लाहे रब्बिल आलमीन । (आमीन)

# जकातको बारेमा उपदेश

बिस्मिल्ला हिर्रहमानिर्रहीम ।

"अल्हम्दो लिल्लाहिल्लजी वहदहू वस्सलातो अला मल्ला नबीया व बअदः ।" **अम्माबअद**ः-

बिस्मिल्ला हिर्रहमानिर्रहीम-फकालल्लाहो तअला-या अय्योहल्लजीना आमनू हल अदुल्लोकुम अला तेजारतिन तुनजीकुम मिन अजाबिन अलीम । तूमेनूना बिल्लाहे व रसूलेही व तोजाहेदूना फी सबीलिल्लाहे बेअमवालेकुम व अनफोसेकुम जालेकुम खैरूल्लकुम इनकुन्तुम तअलमून । यगफिर लकुम जोनू बकुम व युद खिलकुम जन्नातिन तजरी मिन तहतेहल अन्हारो व मसाकेना तैयबतन फी जन्नाते अदनिन जालेकल फौजुल अजीम ।

**अर्थ**ः- अल्लाह तअलाले कुर्आन मजीदमा भनेको छः हे ईमान ल्याउने मानिसहरू म तिमीहरूलाई यस्तो घोर दुःखबाट बचाउन सक्ने महत्वपूर्ण कुरा बताउछु, त्यो यो हो कि ईमान ल्याऊ अल्लाह माथि र रसूल माथि र अल्लाहलाई खुशी प्रसन्न राख्नको लागि आफ्नो ज्यान र धन सम्पत्तिलाई उसको बाटोमा अर्पण (दान) गर । यदि तिमीलाई समझ छ भने तिम्रो हकमा यही बेश हुन्छ । यसले ध्यानपूर्बक बिचार गर जब तिमी यस्तो कर्म गर्छौ त अल्लाहले तिम्रो सम्पूर्ण पापहरूलाई क्षमा गरीदिन्छ र तिमीलाई जन्नतमा लगी दिन्छ । जसमा झन बेश नहर बगिरहेको छ र खुबै सुहाउँदो पवित्र घरहरू छन्, जसमा तिमी सधै रहनेछौ ।"

त्यो व्यक्ति कस्तो भाग्यशाली छ, जसलाई यो समस्त चीज

प्राप्त होला । किन कि हरेक मानिस उन्नति र हरेक थरीको सुख सुविधाको खोजमा रहन्छ । सुख सुविधा र उन्नति प्राप्त गर्नमा यस्तो लीन हुन्छ कि आफ्नो भोजन, बस्त्र, विश्राम, धर्म, अधर्म, जात, पात आदि कुनै कुराको पर्वाह गर्दैन । यसैले अल्लाहले कुर्आनको प्रकाशमा अवहान गरेको छ, कि म तिमीलाई सब भन्दा धेरै सुख सुविधा र उन्नत किसिमको व्यवसाय गर्ने गरिका बताउँछु, जसमा सरासर समवृद्धि र उन्नति हुन्छ र उसको कहिले पनि अन्त हुनेछैन । तिमीलाई ज्ञान छ भने यस्तो लाभदायक सुख शान्तिलाई प्राप्त गर्ने उपाय गर । कुर्आन माथि सांचो ईमान छ भने एउटा ज्यान र माल के ? यदि सैकडौं ज्यान र माल भएको भए साह्रै खुशी साथ अल्लाहको कृपा र दया प्राप्त गर्नमा भेट चढाइने थियो, तर अफ्सोस छ कि इस्लामको तर्फबाट मुटु ढुङ्गा जस्तै भईसकेको छ न-त नर्कको घोर दुःखको डरले आलस्य र लोभ नै छुट्छ र न जन्नतको मोज मजा प्राप्त गर्नको अभिलाषा नै हुन्छ । धर्म र इस्लामको कर्मबाट बञ्चित भएर ज्यान मालमा लोभ र कंजूसी गर्छन । संसारिक काममा ज्यान र माल दुबै खर्च गर्छन । हालाकी (वस्तुतः) यही माल प्रलयको दिन उल्टो तिनीहरूको शत्रु भई हाल्छन् । जस्तो कि सहीह बोखारीको इस्ममाने उज्जकातमा अबुहोरैराबाट बयान छ ।

"मन आताहुल्लाहो मालन फलम यवद्दे जकातहू मुस्सेला मालोहू योमल कियामते शोजअन अकरा लहू जबिबताने यो तववोकोहू योमल कियामते सुम्म याखोजो बेलिह जेमतैहे यानी शिदकैहे सुम्मा यकूलो अना मालोका अना कंजोका सुम्मा तला वला यहसबन्नल्लजीना यबखलूना बेमा आताहोमुल्लाहो मिन फजलेही होवा खैरूल्लहुम बल हुवा शर्रूल्लहुम सयोर्तौवकूना म बखेलू बेही यौमल कियामते ।"

**अर्थ**:- रसूलुल्लाहे सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि जुन व्यक्तिलाई अल्लाहले धनवान बनाएको छ (सम्पत्ति प्रदान गरेको छ) त्यो उस मध्ये अल्लाहको बाटोमा खर्च गर्दैन भने त्यो सम्पत्ति प्रलयको दिन अत्यन्त जहरीलो र अत्यन्त कुरूप अनुहारको नाग (सर्प) बनाइने छ। फेरि त्यो सर्प त्यस मानिसको घांटीमा तौक जस्तै चिम्टेर उसको अनुहारमा टोक्छ र भन्छ कि म तिम्रो माल हूँ म तिम्रो खजाना हूँ मेरो आनन्द लेऊ। यस पछि तपाईले यो आयत शरीफ पढ्नु भयो, जसको अर्थ हो कि अल्लाहले प्रदान गरेको धन सम्पत्तिमा कंजूसी र घमण्ड नगर किनकि यही लोभ र कंजूसी गरेर बचाएको (जोगाए) माल उनको घांटीको तौक भई हाल्छ। सूरः तोबाको पाँचौ रूकूमा अल्लाहले भनेको छ :-

"वल्लजीना यकने जूनज्जहबा वला फिज्जता वला युन फेकूनहा फी सबीलिल्लाहे फबश्शिरहुम बे अजाबिन अलीम। यौमा युहमा अलैहा फी नारे जहन्नमा फतुकवा बेहा जेबा होहुम व जोनू बोहुम व जोहूरोहुम हाजा मकनज्तुम लेअनफोसेकुम फजूकू मकुन्तुम तकनेजून।"

**अर्थ**:-अल्लाहको आदेश छ कि जुन व्यक्ति सुनचांदी जम्मा गरी त्यसमा लोभ तथा कंजूसी गर्छन् र त्यस मध्येबाट अल्लाहको बाटोमा खर्च गर्दैनन्। उनीहरूलाई घोर दुःखको सूचना दी हाल कि त्यो सुन चांदी प्रलयको दिन सब भन्दा पहिले तताएर उनीहरूको अनुहार, पिठ्यूँ र दायँ बायाँ दुबै तिर पोलिन्छ र भनिने छ कि यो तिम्रो त्यो खजाना हो जसलाई तिमीले अत्यन्त माया र स्नेह र हिफाजतको साथ राख्दथ्यो तथा प्रेम गर्दथ्यो, मिहनत गरेर खूनपसीना बगाएर कमाउँथ्यौं र उसबाट एक पैसा दीन दुःखीलाई दिदैन्थ्यो।

अब आज यहाँ उसको आनन्द लेऊ । "नउज बिल्लाह मिन अजाबिलह ।"

**अर्थ**:-'हामी अल्लाहको क्रोध दण्डबाट अल्लाह सित क्षमा चाहन्छौं"

मुसलमानहरूलाई चाहियो कि सम्पत्तिको प्रलोभ र मायामा फसेर बैकुण्ठलाई न बिर्सुन । शैतानले जुन बेला हृदयमा यस्तो उदगार (वसवसा) पैदा गरोस् कि मालबाट इज्जत छ र आदर भाव हुन्छ । सबैले महान समझेर उच्च नामले घोषित गर्छन्, धन खर्च गरियो भने गरीब हुन्छौ र दरिद्र कहलाउँछौ । त्यस बखत यो दोआ (मन्त्र) पढ्नुस् -"ला हौला वला कूव्वता इल्ला बिल्लाहिल अलीइल अजीम" र आफ्नो हृदयमा विचार बिमर्स गर कि या त म यस माललाई छाडेर जान्छु अथवा यो सम्पत्ति नै मलाई छाडेर जान्छ । तदोपरान्त माल कसैको पासमा रहने छैन् । यसैले यस्तो फाइदा र लाभदायक सुख सुविधा प्राप्त गर्नको लागि किन लोभी र कंजूस बनूँ । यी सबै कुरा माथि सोच्नु पर्दछ । साथै कुर्आन मजीद र हदीसको त्यो आयतलाई रोज्नु पर्दछ, जसमा अत्याधिक पुण्य र कहिले पनि त्यसको अन्त नहुने खालको पुण्य लेखिएको छ । जस्तै- सूरः बकर रूकुअ ३६ मा अल्लाह तअलाले भनेकोछ :-

"मसलुल्लजीना युन फेकूना अमवालहुम फी सबीलिल्लाहे कमासले हब्बतिन अम्बतत सबा सनाबेला फी कुल्ले सुम्बोलतिन मीयतो हब्बतिन वल्लाहो यो जाएफो लेमइँयशाओ वल्लाहो वासेउन अलीम ।"

**अर्थ**:- अल्लाहले भन्छ कि उदाहरण उनीहरूको, जसले अल्लाहको बाटोमा एक दाना दान गर्छन् त्यो दाना उस दानाको बराबर हुन्छ जसबाट सात बाली उपजेको हुन्छ र प्रत्येक बालीमा

सय दाना हुन्छन् र अल्लाहले बढाउन र अधिक देउन, उसलाई जति चाहुन् र अल्लाह दिन सक्ने योग्य छ र समस्तलाई जान्दछ।

रसूलुल्लाहको अमरवाणी छ कि जुन व्यक्ति अल्लाहको बाटोमा पवित्र धन मालबाट एउटा सानो खजूर खर्च गर्छ भने अल्लाहले त्यसलाई नै कबूल गर्छ। त्यो सानो खजूरलाई खुशीसाथ कबूल गर्छ र उस मानिसको निम्ति पाल्दछ। यहाँ सम्म कि त्यो खजूरको सानो दानालाई बढाउँदा बढाउँदा एउटा पहाड जस्तै गर्छ र जब प्रलयको दिन नेकी बदीको तौल हुन्छ तब त्यो सानो दाना पहाडको बराबर गरेर नेकीको पलडामा राखिन्छ (यो हदीस सहीह बोखारीको हो) तिर्मिजीमा अनसबाट बयान छ कि :-

"इन्नस्सदकता ल तुत फेवो गजबर्रब्बे व तदफओ मौतत्स्सूए।"

**अर्थ**:- रसूलुल्लाहले भन्नु भएको छ कि दानले अल्लाहको क्रोधलाई शैत्य प्रदान गर्छ र मृत्युको घोर दुःख र बेहयाईबाट बचाउँछ।

अब धेरै जना यस्ता छन् कि साल भरि अनेक कार्यमा जकात (दान) दिन्छन् र सम्पत्ति खर्च पनि गर्छन्। जुन प्रकार जकातको आधार नियम छ। अरू बढता जकात दिदैनन्। तर यस बाहेक अरू धन मालमा पनि गरीब दुःखी र छिमेकीहरूको हक छ। जस्तो कि तफ्सीर जामेउल बयानमा आयत "लैसल बिर्रा अनतवल्लू उजूहकुम" को सरहमा इब्ने अबी हातिमबाट मरफूअन मनकूल छ:- "फिलमाले हक्कुन सेवज्जकात।"

**अर्थ** :- जकातको बाहेक अरू धन मालमा गरीब र छिमेकीहरूको हक छ। जस्तैः गाई, भैसीको दूध वा खेती किसानीको

जनावर वा औजार, रूपियां, पैसा वा खान पिउनको वर्तन, बन्चरो, आगो आदि। यी समस्त वस्तुहरूको कहिले काही जरूरी आई लाग्छ र ती सामान नदिएमा प्रलयको दिन पकड हुनेछ। यो पनि जकात जस्तै अनिवार्य कुरो हो। कति मानिस त जकात खैरात प्रत्येक प्रकारको गर्छन् तर जसलाई दिन्छन्, उस माथि शासन गर्छन्। यसले पुण्य नष्ट हुन्छ। जस्तो कि अल्लाहले सूरः बकरको ३६औं रूकूअमा भनेको छः– "ला तुबतेलू सदकातेकुम बिल मन्ने वलअजा।"

**अर्थ**ः- "किन बरबाद गर्छौं आफ्नो खैरात (दान) लाई परोपकारमा दबाब गरेर र दुःख दिएर"।

इब्ने माजामा अबुहोरैराबाट बयान छः– "इज अतैतोमुज्जकाता फला तन्सौ सवाबहा अन्तकूलु अल्ला हुम्मज्अलहा मगनमन वला तज अलहा मगरमन।"

**अर्थ**ः- रसूलुल्लाहले भन्नु भएको छ कि जब तिमी खैरात आदि दिन्छौ, त त्यसको पुण्यलाई नबिर्सनु। अर्थात दिने बखतमा यो दोआ (मन्त्र) गर कि हे अल्लाह यसलाई स्वीकार गर र सजिलो गरी देऊ "किन कि माल खर्च गर्न बडो लोभ लाग्छ। यसले गर्दा यदि मुखले भन्न सकिन्न भने हृदयमा मात्र सम्फना गरेपनि हुन्छ। यसरी भनिदा हिम्मत बलियो हुन्छ र इस्लामको कार्यमा खर्च गर्न केही बाधा पर्दैन्। धेरै मानिस यस्ता छन् की जीवन भरी धन माललाई जोगाएर राख्दछन् एक पैसा पनि नेक कार्यमा लगाउँदैनन् जब मृत्युको बेला आउँछ तब वारिसहरू सित भन्दछन् कि यति उहाँ यति उहाँ दिहालनुस्। त्यसो गर्नाले केही सवाव (पुण्य) मिल्दैन् किन कि अल्लाहको प्रेममा खर्च गर्न जब स्वीकार हुन्छ, जब स्वास्थ्य र तनदुरूस्ती सुसम्पन्न रहन्छ र परिवारिक खर्चको पनि भार हुन्छ।

यही समयमा खर्च दान गर्नु पर्छ। जस्तो कि-"वआतल माला अला हुब्बेही " को सरहमा जामेउल बयानमा आदेश छ :-"अनतूतेअहू व अन्ता सहीहुन शहीहुन तामलुल ऐशा व तखसल फकर।"

**अर्थ**:- रसूलुल्लाहले भन्नु भएको छ कि स्वास्थ्य तनदुरूस्त र सुसम्पन्न भएको बेला र भविष्यको आशा र परिवारिक खर्चको भार पनि रहेको अवस्थामा अल्लाहको प्रेममा खर्च गर्नु पर्छ।

मिस्कातमा अबु सईदबाट रिवायत छ:-"लअय्यँतसद्दकल मरओ फी हयातेही बेदिरहमिन खैरूल्लहू मिन अय्यँतसद्दका बेमेयतिन इान्दा मौतेही।"

**अर्थ**:-रसूलुल्लाहले भन्नु भएको छ कि जुन व्यक्ति तनदुरूस्तीको समयमा एउटा रूपियां अल्लाहको प्रेम बाटोमा खर्च गर्छ, त्यो मृत्युको समयको सय रूपिया भन्दा धेरै (बढी) महत्वपूर्ण हुन्छ। यति फरक त्यसबेला हुन्छ जबकी उसले (मरणासन्नले) आफ्नो हातले दिएको होस्। तर अरूलाई हुकुम मात्र दिएर दान गर्छ भने त्यो त झन कम महत्वको हुन्छ।

यसले हाम्रो अनुरोध छ कि सबै मुसलमान दाजुभाईहरूले शैतानको बहकावामा नआएर परलोकको सुख शान्ति नगुमाउनु होस्। कुर्आन हदीसको आधारमा अटल भएर नियम बमोजिम कर्म गर्न प्रयत्न गर्नुहोस्, जसले पुण्य बर्बाद नहोस् र पूरापूरा पुण्य प्राप्त होस् (आमीन) व आखेरो दावाना अनिल हम्दो लिल्लाहे रब्बिल आलमी। (आमीन)

# रमजानको बारेमा उपदेश

बिस्मिल्ला हिर्रमानिर्रहीम ।

"अल्हम्दो लिल्ला हिल्लजी हदाना लेहाजा वमा कुन्ना लेनहतदेया लौला अन हदानल्लाह व सल्लल्लाहो अला अबदेही व रसूलेही मोहम्मद बिन अब्दुल्लाह व मन तबेअहुम बे एयसाने येला यौमिद्दीन"। अम्माबअद :-

बिस्मिल्ला हिर्रहमानिर्रहीम-"फकद कालल्लाहो तअला-व बश्शेरिल्लजीना आमनू व आमेलुस्सालेहाते अन्न लहुम जन्नातिन तजरी मिन तहतेहल अन्हार" ।

**अर्थ**:- "अल्लाहले आफ्ना नबीलाई सन्देश दिएका छन् कि हे नबी उनीहरूलाई, जसले ईमान ल्याउछन् र नेक अमल (कर्म) गर्छन, यो खुशखबरी सुनाई देऊ कि उनीहरूको लागि बैकुण्ठ तयार गरिएको छ । यसमा नहर र बागहरू छन् ।" मिस्कात पेज ४४४मा मुहम्मद बिन उमरबाट मरफूअन बयान छः-"इन्न अब्दल्लव खर्र अला वजहेही मीं यौमिउँ वलेदा इला अय्यँमूता हरमन फी तअतिल्लाहे लहक्करहु फी जालिकलयौमे वलवद्दा अन्नहू रूद्दा यलद्दुनिया कयमा यजदादो मिनल अजरे वस्सवाब" ।

**अर्थ**:- "रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि यदि कुनै व्यक्ति जन्मनासाथ सजदामा परोस र लगातार पूजा बन्दगीमा लागि रहोस् र पूजैमा वृद्ध भएर स्वर्गबासी होस् तै पनि त्यस बन्दगीलाई प्रलयको दिन निमन श्रेणीको बन्दगी सम्फने छ र यो इच्छा गर्ला, कि कुनै युक्तिबाट फेरी संसारमा जान पाएँ भने पुण्य र धर्मको काम फन धेरै गर्ने थिएँ ।" तसर्थ नर्कको दुःख र जन्नतको

अमृत र सुख शान्ति देखेर मनुष्यको समझमा स्पष्टहुन्छ कि सुकर्मको त्यस दिन अत्यन्त जरूरी छ । त्यस बखत ठूलो सुकर्म गर्ने व्यक्ति पनि अभिलाषा गर्नेछ कि कुनै तारिकाबाट नेकी अरू प्राप्त भएको भए झन राम्रो हुन्थ्यो । फेरी उनको अपसोच (पछुताव) र अभिलाषाको के ठिकाना होला,जसले अल्प मात्रामा नमाज, रोजा पनि राम्रो सित गरेको छैनन् । तसर्थ समझदारीको कुरो यो हो कि जीवनमा स्वास्थ्यलाई सुनौलो र सुहाउँदो ठान र जुन समय धेरै महत्वपूर्ण आओस त्यसमा सकेसम्म नेकी प्राप्त गर्ने प्रयास गर । जस्तो यो शुभ (मुबारक) माहिना रमजानको त धेरै महत्वपूर्ण छ । यो सुख शान्तिको मेवाले भरिएको छ ।

तरगीब व तरहीब पेज २०६ मा हजरत उमरबाट रिवायत (बयान) छ–"जाकेरूल्लाहे फी रमजाना मगफूरून लहु व सायलुल्लाहे फीहे ल यखीबो (रवाहु तबरानी) ।"

**अर्थ**:- "रसूलुल्लाहले भन्नु भएको छ कि रमजानुल मुबारकमा अल्लाहलाई स्मरण गर्ने व्यक्ति पापबाट मुक्त भईहाल्छ, र प्रार्थना गर्ने निरास हुनसक्दैन्" । तरगीब र तरहीब पेज नं.२०१ मा हजरत अबुहोरैराबाट मरफूअन बयान छ ।

"मन कामा रमजाना इमानौ व इहतेसाबन गोफेरा लहू मातक्द्दमा मिन जम्बेही ।"

**अर्थ**:–रसूलुल्लाहले भन्नु भएको छ कि जो कोही रमजानको प्रशंसा र बुजुर्गी माथि विश्वास गरेर, त्यसको फल (पुण्य)लाई आदर वा सम्मान गरेर खुशी साथ रोजाः (ब्रत) राखोस् र पूजा बन्दगी गरोस् उसको पछिल्लो सबै पापहरू क्षाम्य भई हाल छन् ।

क्याम रमजानको बारेमा रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले रकअतको गन्ती कायम गर्नु भएन र सहाबा रिजवानुल्लाहमा

जसको जति इच्छ भयो पढेका थिए र कोही एक्लै कोही समूह (जमात) को साथमा पढ्थे। यो हदीस मुन्तका पेज ७८ मा छ।

एक चोटी अन्तिम अशरामा (हप्तामा) यस्तो भयो कि तपाई अर्थात् रसूलुल्लाहले एशाको नमाज पछि एतेकाफको ठाउँमा गएर नमाज पढ्न थाले। केही व्यक्तिहरू पनि उहाँको साथमा सम्मिलित भए। दोस्रो राती उस भन्दा बढी व्यक्ति सम्मिलित भए, तेस्रो राती अरू धेरै व्यक्ति भए। तर उहाँले उनीहरूलाई सामूहिक नमाज पढ्न दिनुभएन र उहाँबाट हुकुम भयो कि कहिले तिमी माथि अनिवार्य नभई हालोस्। फेरी तिमीलाई समस्या परोस्। यस रिवायत (बयान) मा यो विवरण छैन कि दुबै रातीमा कति रेकात पढाउनु भयो। यो हदीस मुन्तका पेज ७८ मा छ। अर्को एउटा बयानमा छ कि पहिलो राती पहिलो प्रहर देखि तेहाई प्रहर सम्म पढाएका थिए फेरि एक रात बिराएर तेस्रो राती आधा रात सम्म फेरी बीचको एउटा रात छाडेर तेस्रो रातीको करीब बिहान सम्म पढाउनु भएको थियो। यी सबै बयान साँचो छन्। हदीस नं.७८ मा हजरत जाबिर रजिअल्लाहो तआला अन्होको भनाई छ कि तपाईले हामीहरूलाई एशा पछि जुन नमाज पढाउनु भएको थियो त्यो आठ रकात थियो। यो हदीस सहीह इब्ने खोजैमा र इब्ने हिब्बानमा छ। जुन सुबुलुस्सलाम पेज नं. १३७ मा छ। बहेकी आदिमा जुन बयान छ कि अँ हजरत सल्लल्लाहो अलैहे वसल्लमले बीस रकात पढाउनु भएको थियो। त्यो सही छैन, सुबुलुस्सलाम पेज नं. १३७ मा छ।

यस बयानबाट यो सिद्ध हुन्छ कि तरावीह अर्कै हो र तहज्जुद अर्कै हो। किन कि तहज्जुद नमाजको समय आधी रात पछि जनाउँछ। उसलाई तपाईले एशा पछि शुरू गरी दिनु भएको थियो साथै यो पनि जाहेर भयो कि यो नमाज समूहको साथमा पढ्न

सकिन्छ र बेग्लै पनि पढ्न सकिन्छ र साथै समयको पनि ज्ञान हुन्छ कि चाहे पहिलो प्रहरमा वा मध्य प्रहरमा अथवा अन्तिम प्रहरमा जहिले पनि जुनसुकै व्यक्तिले जति रेकात पढ्न चाहेमा पढन सक्छ । तर आठरकातको प्रशंसा छ किन कि आठरकातको प्रमाण रसूलबाट पाइएकोछ । उक्त किताबको पेज नं.२०१ मा अबु सईदबाट मरफूअन बयान छ ।

"मन सामा रमजाना व अरफा होदूदहू व तहफ्फजा मिम्माई यम्बगी लहू अय्यँातहफ्फजा कफ्फरमा कबलहू ।"

**अर्थ**ः-रसूलुल्लाहले भन्नु भएको छ कि जुन मानिसले पवित्र रमजानको शर्त (निमय) लाई चिन्यो र जुन-जुन कामबाट बच्नु पर्छ, त्यसबाट बाच्यो त उसको पछिल्लो सबै पाप खत्म भइहाल्छन् ।

तरगीब व तरहीब पेज नं. २०४ मा अन्सबाट मरफूआ बयान छ कि-रसूलुल्लाहले भन्नु भएको छ । यो महीना तिम्रो अगाडी आएको छ । यसमा एक राती यस्तो छ कि जसको इबादत (पूजा) हजार महीनाको बन्दगी भन्दा श्रेष्ठ छ । जुन व्यक्ति उसको पुण्य र लाभबाट महरूम (असफल) भयो । त्यो अनेक लाभ र पुण्यबाट असफल भयो । यस पुण्य र सहायबाट उही महरूम हुन्छ, जो कि निकै मूर्ख र दुष्ट होला ।

तबरानीको रिवायत (बयान) मा यस्तो आएको छ, कि अँ हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ -यो रमजान तिम्रो नजीक आएको छ । यसमा जन्नतको ढोकाहरू खोलि दिन्छन् र जहन्नुमको ढोकाहरूलाई बन्द गरिदिन्छन्, शैतानलाई थुनिन्छ । त्यो व्यक्ति निकै अभागी छ जसले रमजानको महिना पायो र उसलाई क्षाम्य (बखशिश) हुने मौका (अवसर) प्राप्त भएन ।

जब यस्तो पुण्य र दयाको महीनामा उसलाई मुक्ती प्राप्त भएन भने फेरी कहिले होला ?

तरगीब तरहीब पेज नं. १९८ मा इब्ने उमरबाट बयान छ कि रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि अल्लाहको प्रतिनिधिहरूको अमल (कर्म) अल्लाहको छेऊ सात दर्जामा छ । दुईवटा अमल यस्ता छन् कि दूई चीजलाई अनिवार्य गर्छन । दुईटा यस्ता छन् कि यसमा एउटाको सट्टा एउटा छ र एउटा त्यो हो कि उसको सट्टा दश पुण्य लेखिन्छ र अरू यस्तो छ कि उसको सट्टा सात सौ पुण्य लेखिन्छ र एउटा अमल यस्तो छ कि उसको पुण्यको हद (सीमा) अल्लाह बाहेक अरू कोही पनि जान्दैनन्, न कुनै दूत (फरिश्ता) मा त्यसलाई लेख्न शक्ति छ । दुई अमल दुई चीज अनिवार्य मध्येबाट एउटा यो हो कि जुन व्यक्तिले शिर्क गरेन् र तौहीदमा विश्वास गरी मऱ्यो, उसको निम्ति बैकुण्ठ अनिवार्य हुन्छ,दोस्रो यो हो कि जुन व्यक्ति शिर्क माथि मऱ्यो, उसको निम्ति नर्क अनिवार्य हुन्छ । एउटाको एउटा मात्र सट्टा माध्येबाट यो हो कि एउटा पाप गर्नेलाई एउटा पाप मात्र लेखिन्छ । दोस्रो यो हो कि यदि कसैले कुनै प्रकारको सुकर्म गर्न प्रयत्न गऱ्यो, फेरी गर्नको मौका पाएन भने इच्छाको मात्र बिचारले एउटा पुण्य लेखिन्छ । दश गुना पुण्य मिल्ने अनेक पुण्य छन् । अर्थात जब मुसलमान कुनै किसिमको धार्मिक सुकर्म काम गर्छ त कम से कम दशवटा पुण्य लेखिन्छ र त्यो अमल जसको सट्टामा सातसय पुण्य छन्, त्यो हो "फी सबीलिल्लाह" अर्थात् शरई जहाद (इस्लामको लागि लड्ने लडाई) मा धनमाललाई लगेर उस मध्येबाट फर्काएर ल्याएन भने उसको पुण्य एक एकको सात-सात सय लेखिन्छ एउटा दिरमको सट्टा सय दिरम (सुनको सिक्का) एउटा दीनारको सौ दीनारको पुण्य लेखिन्छ, र त्यो अमल जसको

पुण्यको सीमा अल्लाहलाई मात्र थाहा छ, त्यो रोजा हो ।

तरगीब व तरहीब पेज नं. २०३ मा अबु होरैराबाट मरफूअन बयान छ कि –"रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि जब रमजानको पहिलो राती आउँछ, त उसमा ठूला–ठूला बलवान जिन र शैतान थुनिदिइन्छन् र नर्कको ढोका बन्द गरी दिइन्छ । फेरी उस माध्येबाट कुनै ढोका खुल्दैन र जन्नतको ढोका खोलिन्छ, फेरी उस माध्येबाट कुनै पनि ढोका बन्द गरिदैन्, र अल्लाह तअलाको तर्फबाट पुकारने दूतले पुकार गर्छ "हे भलाई र सुख शान्ति चाहने इच्छुक महानुभावहरू हो अगाडी बढ (अर्थात् यो समय सुहाउँदो छ जे पनि माग्नु छ माँग) र हे पाप गर्नेहरू अहिले पर्ख । अर्थात् यस सुहाउँदो र सुनौलो समयको सम्मान गर र पापबाट पर हट र अल्लाहको लागि स्वतन्त्रितहरू छन् । अर्थात आज अल्लाह तअलाले आफ्नो बन्दाहरूलाई नर्कबाट मुक्त गरी रहेको छ । यो कार्य योजना प्रत्येक रमजानको पहिलो रातमा हुन्छ ।

तरगीब व तरहीब पेज नं. २०५ मा अबु मसऊदबाट बयान छ कि– "लौ यअलमुल एबादो मारमजानो लतमन्नत उम्मती अन तकूनस्सनतो कुल्लोहा रमजान ।"

**अर्थ**:- रसूलुल्लाहले भन्नु भएको छ कि रमजान मुबारकको जस्तो महत्वपूर्ण स्थान अल्लाहको नजिक छ । यदि त्यो खिलकत (संसार) लाई जानकारी भएको भए त मेरो अनुयायी मध्येका व्यक्तिहरूले वर्ष भरी रमजान नै रमजान रहोस् भन्ने इच्छा गर्ने थिए । यस हदीसबाट यो थाहा हुन्छ कि मेरो अनुयायीहरू दान खैरात रोजा, नमाज आदिको पालन गर्नमा सुयोग्य रहनेछन् भनी रसूलुल्लाहलाई आफ्नो अनुयायीहरू माथि आशापूर्ण गौरव थियो ।

तर हामीहरूले आज यी सबै कर्मबाट कति टाढा छौं। यो कति शर्म र लाजको कुरो हो ? इस्लाम र ईमानको कुरो यो हो कि आफ्ना प्यारा नबी मुहम्मदको मनोभावनालाई अल्लाहको र रसूलको हुकुम बमोजिम सिद्ध गरेर देखाऔं।

तसर्थ रमजानलाई धेरै महत्वपूर्ण महीना सम्फेर धेरै प्रेम र सम्मानका साथ यस मुबारक महीनालाई रोजा नमाज र पवित्र कुर्आनको पाठ गरेर तथा दान, खैरातको साथ बिताऔं।

अल्लाह सित बिन्ती छ कि हामी सबै मुसलमान दाजु-भाई र दिदी बहिनी आमा बुवा र साना-ठूला आदिलाई रोजा, नमाज, जकात र अनेक सुकर्म गर्न र त्यसमाथि अनुसरणको साहस र मौका प्रदान गरून्। संसार र परलोकको दुःख आपत्तिबाट बचाउन्। (आमीन) रब्बना तकब्बल मिन्ना इन्नका अन्तस्समीउल अलीम व तुब अलैन इन्नका अन्तत्तउवाबुर्रहीम। (आमीन)

# हजको बारेमा उपदेश

बिस्मिल्ला हिर्रहमानिर्रहीम ।

"अल्हम्दो लिल्लाहे रब्बिल आलमीन वस्सलातो वस्सलामो अला

खातेमिन नबीईन् व बादः ।" अम्माबअद :-

बिस्मिल्ला हिर्रमानिर्रहीमः- "फकालल्लाहो तअला इन्ना अव्वला बयतिवँ ओजेआ लिन्नासे लल्लजी बे बक्कता मोबारकौं व होदल्लिल आलमीन । फीहे आयातुम बैइयेनतुम मकामो इब्राहीमा । व मन दखलहू काना आमेनन् व लिल्लाहे अलन्नासे हिज्जुल बइते मनिस्तताआ इलैहे सबीला । व मन कफरा फइन्नल्लाहा गनीयुन अनिल आलमीन । "

**अर्थ**:- अल्लाहतअलाले कुर्आन शरीफमा भनेको छ कि-हरेक व्यक्तिको लागि पहिलो घर मक्कामा कायम गरिएको छ । जुन कि बरकत वाला छ र हिदायत (सन्मार्ग) छ, सबै जनाको लागि, यस शहर मक्कामा इस्लामको सच्चाई स्पष्ट गर्नाका लागि निशानहरूछन् । अर्थात मकामे इब्राहिम (काबामा एक महत्वपूर्ण ठाउँ) छ, यसमा प्रवेश हुने व्यक्तिलाई कसैले पनि समात्न सक्दैन् । जुन मुसलमानले स्वास्थ्य तन्दुरूस्ती र बाटोको खर्च प्राप्त गरेको हुन्छ । उसलाई यस घरमा हज गर्न अनिवार्य हुन्छ । कसैले कुफ्र (इन्कार) गर्‍यो भने अल्लाह तअलाले यस्ता व्यक्तिहरूको प्रवाह गर्दैन् ।

यस आयतमा साफ बयान छ कि खानाकाबाको हज उस बाहेक जसलाई हज यात्राको पाथेय प्राप्त छैन्, अरू सबैलाई अनिवार्य छ । कसै सित हज गर्न क्षमता हुदाहुँदै पनि ऊ हज गर्न जाँदैन् भने त्यो इस्लामबाट खारिज हुन्छ र आफ्नो मात्र नुक्सान (हानी) गर्छ । अल्लाहको के बिगार छ र ?

तरगीब व तरहीब पेज नं. २३९ मा हजरत अलीबाट बयान गरिएको छ–"मम मलका जादौ व राहेलतन तुबल्लेगोहू एला बैतिल्लाहे व लम योहज्जा फला अलैहे अइँयमूता यहूदीयन अव नसरानीयन ।"

**अर्थ**:- हजरत अलीको भनाई के छ भने रसूलुल्लाहले भन्नु भएको छ कि– जुन व्यक्तिलाई हज यात्राको खर्च र सवारीको सामान हज गर्न सक्ने सम्म प्राप्त छ तर ऊ हज गर्न जाँदैन् भने चाहे त्यो यहूदी भएर मरोस् अथवा नसरानी भएर मरोस् । अर्थात् यदि त्यो व्यक्ति हज न गरी मर्छ भने इस्लाममा त्यसको मृत्यु हुदैन ।

नैलुल अवतार पेज नं.१६५ जिल्द चौथोमा छ कि– "हजरत उमरले भन्नु हुन्छ कि केही मानिसहरूलाई शहर र दिहातमा पठाऊँ, जो यस्तो व्यक्तिलाई हेरोस् । जसमा हज गर्न समर्थ छ र हज गर्दैन् । उनीहरू माथि जुजया (टेक्स) कायम गरी दिउँ किन कि उनी मुसलमान होइनन् । यदि वर्तमान समयमा इन्साफको दृष्टिले हेरौं भने त यस्ता कति व्यक्तिहरू पाइन्छ । यस भन्दा धेरै अभाग्य के होला कि बैतुल्लाह जस्तो बुजुर्ग र प्यारो स्थान यही संसारमा छँदैछ र त्यहा सम्म पुग्नलाई प्रसस्त सामान पनि प्राप्त होस्, तर मान्छे इस्लामको दावा राख्दा राख्दै पनि उसको दर्शन गर्न न जाओस् । जसको दर्शन (जियारत) गर्नको लागि हजरत

आदम अलैहिस्सलाम एक हजार चोटि पैदल यात्रा गर्नु भएको थियो ।

तिरमिजी जिल्द दोस्रो पेज नं.२५४ मा छ कि आँ हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले जब काफिरहरूको दु:खले गर्दा मक्का मोअज्मालाई छाडेर हिजरत (प्रवास) गर्नु पर्‍यो त खाना काबा तिर मतवजः (ध्यान मग्न) भएर प्रेम पूर्वक भन्नुभयो कि– "अल्लाहको शपथ लिएर भन्छु कि तिमी अल्लाहको नजिक संसारको सम्पूर्ण पृथ्वीको अनेक ठाउँभन्दा महत्वपूर्ण र प्यारा छौ । यदि काफिरहरूले मलाई निस्कासित नगरेको भए, म कहिले पनि तिम्रो वियोग (बिछोड) काबूल गर्दैन्थे ।

इब्ने माजा पेज नं. २१३ मा अबुहोरैराबाट नकल छ कि रसूलुल्लाहले भन्नु हुन्छ कि जुन मानिसले अल्लाहको निम्ति अर्थात् प्रेम पूर्वक ध्यान दिएर बैतुल्लाहको हज गर्‍यो र नराम्रो कुरा तथा पापको कामबाट बच्यो, त्यो व्यक्ति यस्तो पाक साफ (पापबाट मुक्त) भएर फर्कन्छ कि जस्तै उस दिन थियो । जुन दिन उसकी आमाले जन्माउनु भएको थियो ।

तरगीब व तरहीब पेन नं. २२४ मा अबुरोरैराबाट बयान छ कि रसूलुल्लाहले भन्नु भएको छ कि– "जसले पनि बैतुल्लाहको प्रेमले प्रस्थान गर्छ । उसको सवारीको जति पाइला हिड्छ, अल्लाहतअला प्रत्येक पाइलाको सट्टा एउटा पाप मिटाउँछ र एउटा पुण्य लेख्छ र एउटा दर्जा जन्नतमा ऊँचो गर्छ । जब त्यो व्यक्ति बैतुल्लाहमा पुगिहाल्छ र त्यहाँ तवाफे (परिक्रमा) बैतुल्लाह र सफा व मरवाको सई (बिस्तारै दौड) दगुर्छ । फेरी बाल कटाउँछ त पापबाट यस्तो मुक्त भई हाल्छ कि जस्तो त्यस दिन थियो, जुन दिन उसकी आमाले उसलाई पैदा गरेकी थिइन् । तरगीबको उसै पेजमा इब्ने अब्बासबाट बयान छः–

"मनहज्जा मिम मक्कता माशीअन हत्ता यरजेअ इला मक्कता कतबल्लाहो लहू बेकुल्ले खुतबतिन सबओ मेअते हसनतिन कुल्लो हसानतिन मिसलो हसानातिल हरमे कीला लहु वमा हसानातुल हरमे काला बेकुल्ले हसानतिन मेअतो अल्फे हसनतिन" (रवाहो इब्ने खोजैमता फी सहीहेही)

अर्थः- रसूलुल्लाहले भन्नु भएको छ कि-जुन व्यक्ति मक्का मोअज्जमाबाट हजको लागि अर्थात अर्फातको तिर पैदाल निस्क्यो र फेरी पैदल मक्कामा फर्केर नै आयो। अर्थात् आवत जावत सवारीमा बसेर आए-गए न भने अल्लाह तअलाले उस व्यक्तिको लागि प्रत्येक पाइलाको सट्टामा सात सयनेकी उसको आमाल नामा (कर्मको किताब) मा लेख्छ र प्रत्येक नेकी हरमको नेकीको बराबर हुन्छ। सहाबाले सोधे कि- हे रसूलुल्लाह हरम्को नेकीको के भावार्थ हो ? भन्नुभयो कि प्रत्येक नेकी एक लाखको बराबर हुन्छ। यस प्रकार एक पाइलाको सट्टा सात करोड नेकीहरू भए।

अब ध्यान दिनुस् कि तिनीहरूको कस्तो ईमान र इस्लाम होला जसलाई हज गर्न क्षमता छ तर यति ठूलो पुण्य र पदलाई छडि राखेका छन्। कति यस्ता छन् कि उनलाई हजको कहिले पनि ध्यान हुँदैन। कति मानिसहरू त यस्तरी भनि दिए कि हज गर्न जानु केही धर्मको काम होइन। यो त मुसलमानहरूको व्यापार, बिजनसको उन्नतिको लागि मात्र कायम गरिएको थियो।

"नउज बिल्लाह मिन अजाबिल्लाह"

**अर्थः**- "हामी अल्लाहको क्रोध (दण्ड) बाट अल्लाह सित क्षमा चाहन्छौ।" अल्लाह यस्तो काम र कुराबाट मलाई र आफ्नो भक्तहरूलाई अभाग्य दशाबाट बचाओस्। (आमीन)

केही यस्ता छन् कि हजबाट इन्कार त गर्दैनन। तर यो

हावा लागेको छ कि म संसारिक कार्य व्योहारबाट र धन माल वा कारखानाबाट मौका पाए पछि अथवा हाम्रो छोरा ठूलो भएर घरको भारलाई समाल्न सक्ने भए हज गर्न जान्छु । यो बिचार गर्दैनन् कि संसारको भ्रमजाल कहिले समाप्त पनि भएको छ ? आश्चर्यको कुरो यो कि जब नोकरी र व्यवसाय आदि कामको लागि सैकडौ हजारौं कोसको यात्रा गरिन्छ र चिरकालसम्म घर फर्कन अवसर मिल्दैन, त्यस बखत परिवारको हेरचाह र कारखानाको हेरचाह कसरी र कुन तरिकाबाट हुन्छ । साथै सब भन्दा आश्चर्यजनक यो कुरो छ कि यस जीवनको केही पनि विश्वास छैन् । मृत्युको कुनै पनि निश्चित समय थाहा छैन् । यदि हज गर्न जानु अनिवार्य (फर्ज) थियो र जानु भन्दा पहिले नै कालले समात्यो भने यहूदी वा नसरानी भएर मर्नु पर्छ । "अल्लाहको पनाह"

**अर्थ**:- " अल्लाह यो पाप बाट बचाओस (आमीन)

अनि त्यो कारखाना र छोरा घर परिवार कोही काम आउन सक्दैनन् । तसर्थ बुद्धिमानीको कुरो यो हो कि जुन समय हज गर्न अनिवार्य होस् त्यसबेला केरकार गर्नु पर्दैन । आलास्य र लोभ माथि यो दोआ (मन्त्र) "लाहौल" पढेर तुरुन्तै प्रस्थान भईहाल्नु पर्छ ।

तरगीब व तरहीब पेज नं २२५ मा इब्ने अब्बासबाट बयान छ– "तो अज्जिलु एलल हज्जे यअनिल फरीजता फइन्ना अहदकुम लायदरी मा यअरेजो लहू रवाहो अबुलकासेमिल असबहानी" ।

**अर्थ**:- रसूलुल्लाहले भन्नु भएको छ कि हज अनिवार्य भएमा छिटो गर्नु पर्छ किन कि कसैलाई पनि थाहा छैन कि कसलाई कहिले के दुर्घटना आई लाग्छ ।

तरगीब व तरहीब पेज नं. २२६ मा जाफर अनजद्देहीबाट मरफूअन बयान छ कि रसूलुल्लाहले भन्नु भएको छ– सुकर्मको कार्य

गर्नामा जसले पनि धन मालमा लोभ गर्छ भने उसको कंजूसीको यस्तो परिणाम हुन्छ कि उसलाई कुनै संसारिक काममा यस भन्दा अत्यधिक खर्च गर्न समस्या आई लाग्छ। संसारिक कार्यमा लीन भएर हज गर्न मुलतवी गर्नेहरूको कार्य त्यसै रहिरहन्छ र हजका इच्छुकहरू हजबाट फर्केर पनि आई हाल्छन् । फेरी उहाँले भन्नुभयो, यो उदाहरण छ यस कुराको कि इस्लामको विधान सही छ।

यसले हज अनिवार्य भएका मुसलमानले अल्लाह माथि सहारा गरेर तुरून्तै प्रस्थान भई हाल्नु पर्छ र उस बेइन्तेहा (असीमित) सवाब र दर्जालाई प्राप्त गर्नु पर्दछ। जस्तो कि माथि बयान गरिएको छ। तर यो याद रहोस् कि सवाब र दर्जा तब प्राप्त हुन्छ जब कि कुनै काम इस्लामको खिलाफ न होओस् र बाटोमा परेको कठिनाईलाई शान्ति पूर्वक सहन गरोस् यात्रु र मान्छेहरू सित लडाई झगडा नगरोस् र ध्यान रहोस् कि अत्यन्त महत्वपूर्ण ठाउँमा जाँदैछु र सर्वश्रेष्ठ पुण्य र उपाधिको यात्रा छ। यती लाभदायक इश्वरीय देन (नेमत) को सामुन्ने संसारिक संकष्टको केही प्रवाह छैन।

तरगीब व तरहीब पेज नं.२३० मा अअबुहोरैराबाट मरफूअन बयान छ कि- "इन्नल्लाहा तअला योबाही बेअहले अरफातिन मलाएकत्स्समाए फयकूलुन्जोरू एला इबादी हा-ऊ-ला-ए-जाऊनी शोअसन गुबरा।"

अर्थः- रसूलुल्लाहले भन्नु भएको छ कि-निश्चय नै अल्लाहले फरिश्ता **Angels** (दूत) हरूमा अर्फातीहरू (अर्फातमा हुनेहरू) को प्रशंसा गरेर भन्नु हुन्छ कि हेर मेरो यी भक्तहरूलाई जुन कि टाढा-टाढाबाट यात्रा गरेर फोहर मैलो भएर मेरो समीप आएर उभिएका छन्, म उनीहरूलाई पापबाट मुक्त गरि दिएँ।

तरगीब व तरहीब पेज नं. २२७ मा हजरत अबुहोरैराबाट बयान छ कि-रसूलुल्लाहले भन्नु भएको छ कि-"जुन व्यक्ति हज गर्नको लागि निस्क्यो र बाटैमा त्यसको मृत्यु भयो, उसको निम्ति हजको सवाब प्रत्येक वर्ष कियामत (प्रलय) सम्म लेखिन्छ। जुन व्यक्ति उमराको लागि निसक्यो र बाटैमा त्यसको मृत्यु भयो , उसको लागि कियामत सम्म उमराको सवाब लेखिन्छ। जुन व्यक्ति जिहादको लागि निसक्यो र बाटैमा त्यसको मृत्यु भयो, उसको निम्ति कियामत सम्म जेहादको सवाब लेखिन्छ।"

तरगीब व तरहीबको उसै पेजमा हजरत आएशाबाट बयान छ कि–रसूलुल्लाहले भुन्नु भएको छ कि– जुन व्यक्ति हज या उमराको बाटोमा निसक्यो र बाटोमा उसको मृत्यु भयो त कयामतमा(प्रलयमा) उसको पापहरूको पेशी हुन्न र हिसाब व किताब पनि हुन्न्, बरू त्यो व्यक्ति बिना कुनै रोकावटले बैकुण्ठमा प्रवेश (दाखिल) भई हाल्छ।

अन्तमा अल्लाह सित बिन्ती छ कि सबै मुसलमानहरूलाई सुकर्म गर्न सद्‌बुद्धि प्रदान गरून् र हाम्रा जुन मुसलिम दाजुभाई र दिदी बहिनीहरू माथि हज अनिवार्य होस् उनीहरूलाई हज गर्न जानलाई हरेक विघ्न बाधा र भ्रम जाल बाट मुक्त गरिदेऊ (आमीन) व आखेरो दावाना अनिल हम्दो लिल्लाहे रब्बिल आलमीन। (आमीन)

# आपसी मेल-मिलाप र एकता माथि उपदेश

## बिस्मिल्ला हिर्रमानिर्रहीम

"अलहम्दो लिल्लाहिल्लजी वहदहू वस्सलातो वस्सलामो अला मल्ला नबीय व बअदः ।" अम्माबअदः-

बिस्मिल्ला हिर्रहमानिर्रहीमः- फकद कालल्लाहो तबारका व तअला "या अय्यो हल्लजीना आमनुत्तकुल्लाहा हक्का तोकातेही वलातमूतन्ना इल्ला व अन्तुम मुसलेमून । वअतसेमू बेहबलिल्लाहे जमीऔं वला तफर्रकू वजकोरू नेअमतल्लाहे अलैकुम इज कुन्तुम आदाअन फअल्लफा बैना कोलू बेकुम फअस्वहतुम बेनेअमतेही इखवानः"

**अर्थ**:- अल्लाहले भनेको छ कि-हे ईमान ल्याउने मानिसहरू अल्लाह सित डराऊ, यस्तो डराऊ जस्तो डराउनको हक छ । तिमी मर्नु तर मुसलमान भएर, र सबै मिलेर अल्लाहको रस्सी (अल्लाहको आदेश कुर्आन) लाई खूब मजबूत समात र आफूमा सबै भाई भाई जस्तै भएर बस र अल्लाहको ईनामलाई याद गर कि तिमी आपसमा शत्रु थियो र अल्लाहले सबैको हृदयलाई कोमल र उदार बनायो कि सबै भाई भए ।" यस आयतमा यो भनेको छ कि सम्पूर्ण मुसलमानहरूलाई सधैं र हरेक अवस्थामा दीन इस्लाममा दृढता पूर्वक अटल रहनु पर्छ, जसले गर्दा इस्लाम धर्ममा स्वर्गवास (देहान्त) होस् र सबैलाई एक दिल भैं एकताको साथ बस्नु बेश हुन्छ र एक समूहमा बस्नालाई यो उपाय बताइएको छ कि सबै एकताको साथ मिलेर अल्लाहको रस्सी (कुर्आनको आदेश) लाई खूब राम्रो सित समात र यस उपायको यो फल भनिएको छ कि सबैको हृदय मिली रहन्छ ।

अर्थात् यो बताइएको छ कि तिमीमा शत्रुता थियौ एक अर्काको शत्रु थियो। अब यो नेमत (दया) ले एक अर्काको मायालु र इच्छुक भएका छौ। त्यो रस्सी कुर्आन शरीफ हो। जस्तै अल्लाह तअलाले सूरा मायदाको पहिलो रूकूमा भनेकोछ।

"अल्यौमा अकमलतो लकुम दीनकुम व अतममतो अलैकुम नेअमती।"

**अर्थ**:- "आज मैले पूरा गरिदिएँ तिम्रो दीन (धर्म) लाई र तिमी माथि आफनो दया (नेमत) लाई पूर्ण गरी दिएँ।" रसूलुल्लाहले भन्नु भएकोछ कि- "किताबुल्लाहे होवा हबलुल्लाहे मनित्तब्अहु काना अलल होदा व मन तरकहू काना अलज्जलालतेहि।" (यो हदीस मुस्लिम जिल्द दुई पेज नं. २८० मा छ)

**अर्थ**:- मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि- अल्लाहको किताब अल्लाहको रस्सी हो, जसले पनि यस माथि अटल रहन्छ त्यो हिदायत (सुपथ) मा रहन्छ र जसले यसलाई छाडि दियो त्यो गुमराहीमा (भ्रममा) पर्छ।

अब मुसलमानहरूमा एकातिर झगडा फसाद र नराम्रो विवाद समावेश छ, भने अर्कोतिर सबै मुसलमानहरूको भनाई छ कि कुर्आन व हदीस माथि सबैको ईमान र विश्वास छ। तर यो भनाई मुखले भन्नको लागि मात्र छ। यदि सबैको बिश्वास दृढ भएको भए यो फसाद, यो पार्टी बन्दी आदि हुँदैन्थ्यो। आज त्यही युग हाम्रो सामुन्ने उपस्थित छ जसको बारेमा रसूलुल्लाहको अमरबाणी छ। हदीस मिस्कात बाब केबायर पेज नं. ३१ मा भन्नु भएको छ कि:-

"याती अलन्नासे जमानुन लायबका मिनल इस्लामे इल्ला इस्मोहु वला यबका मिनल कुर्आने इल्ला रस्मोहू मसाजेदोहुम आमेरतुन वहिया खाराबुंम मिलन होदा।"

**अर्थ**:- "रसूलुल्लाहले भन्नु भएको छ कि एउटा यस्तो युग आउने छ कि इस्लामको नाम मात्र हुन्छ र कुर्आन व हदीसको पढाई रितिरिवाज (चलन) को प्रभावले मात्र पढाइन्छ । कर्म र गुण हुँदैन । मस्जिद उनीहरूको झन बेश इमारतको हुन्छ तर पाठ पूजाको नाममा शून्य हुन्छ" । त्यो सबै आज स्पष्ट रूपमा देखिन्छ ।

अल्लाहले सूरः अनफालको छैटो रूकुमा भनेको छ किः- "व अतीउल्लाहा व रसूलहू वला तनाजऊ व तफ्सेलू व तजहब रीहोकुम वस्बेरू इन्नल्लाहा मअस्साबेरीन" ।

**अर्थ**:- "आज्ञा पालन गर अल्लाहको र उसको रसूलको तथा आफूमा फूट नगर, यदि आफूमा फूट गर्छौ भने तिमी कमजोर (बलबीहीन) हुन्छौ, र तिम्रो जरो हल्लीएर ढल्छ । सन्तोष गर निश्चय नै सन्तोष गर्नेहरूको साथमा अल्लाह रहन्छ ।"

तसर्थ यो कुरा सन्तोषको साथमा मात्र बन्न सक्छ । जस्तै कहिले कोही व्यक्ति मूर्खता गर्‍यो त अर्कोले सन्तोष व प्रेम गरिदियो भने शत्रुता र बैर हुँदैन । यसैले रसूलुल्लाहले भन्नु हुन्छ किः-

"तरल मोमेनीना फी तराहोमेहिम व तवद्दोहिम व तअतोफेहिम कमा सलिल जसदे इजस्तका उजुउन तदाअलहू सायरूल जसदे बिस्सहरे वल हुम्मा ।"

**अर्थ**:- "रसूलुल्लाहले भन्नु भएको छ कि जसले आफू जस्तै माया र आफू जस्तै भलो अर्काको चहिदैन र दुःख सुख आफनै जस्तै मन पराउदैन उसलाई मुसलमान नमान्नु । मुसलमानको नैतिक व्यवहार यस्तो हुनुपर्छ, जुन प्रकार एउटा शरीरको प्रक्रिया हुन्छ कि यदि शरीरको कुनै पनि ठाउँमा दुःख हुनथाल्यो भने पुरा शरीर बेचैन हुन्छ । ठीक त्यस्तै प्रकारले मुसलमानहरूको प्रक्रिया हुनुपर्छ । यदि एउटा मुसलमानलाई कुनै किसिमको पीर परेको छ भने अर्को

मुसलमानले त्यसको दुःखमा भाग ली सहनुभूति देखाउनु कर्तब्य हुन्छ । फेरी अर्को ठाउँमा भनिएको छ कि–

"वल्लजी नफ्सी बेयदेही ला यूमेनो अब्दुन हत्ता योहिब्बा लेअखीहे मा योहिब्बो लेनफ्सेही ।"

**अर्थः**- रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले सपथ (कसम) खाएर भन्नु हुन्छ कि कसम (सपथ) छ त्यो शक्तिको जसको शक्तिमा ज्यान छ "मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको " कुनै पनि मानिस मुसलमान हुदैन जब सम्म उसमा आफू जस्तै दुःख, पीर, मर्का र खैरख्वाही अर्काको लागि पनि हुँदैन । तब सम्म त्यो पूर्ण रूपले मुसलमान हुँदैन ।

अर्को ठाउँमा मिस्कात शरीफको हदीसमा रसूलुल्लाहले भन्नु भएको छ कि– "अला उखबेरोकुम बेअफ्जला मिन दर्जतिस्सेयामे वस्सदकते वस्सलाते कुलना बला काला इस्लाहो जातिल बैने व फसादो जातिल बैने हियल हालेकतो ।" (यो हदीस मिस्कात पेज नं. ४२० मा छ)

**अर्थः**- रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ किः के मैले तिमीहरूलाई यस्तो कुरा नबताऊँ, जो रोजा, जकात, दान र नमाज भन्दा अति महत्वपूर्ण छ । सहाबाहरूले भने अवश्यनै बताउने कष्ट गर्नुहोस् । उहाँले भन्नु भयो कि त्यो यो हो कि तिमीहरू आफूमा मेल मिलाप र एकता माथि सुदृढ भएर बस, र आपसी फूट यस्तो हानिकारक छ कि जसले गर्दा पुण्यहरूलाई यस्तरी नाश गर्छ कि जस्तै-उस्तुरा (छुरा) ले कपाललाई काटेर सफा गर्छ केही पनि छाडिदैन् ।

अब ध्यान दिनुस् कि कुर्आन र हदीस यस्तो उपदेश दिएका छन् तर मुसलमानहरूको आज यस्तो कैफियत छ कि अनेक प्रकार

को अनगिन्त पार्टी बनाएर र बेग्ला बेग्लै नाम राखेर तिनै नामको भरमा, विकसित हुनलाई तम्सिएका छन् र यो नाम अन्तसतल हृदयमा छ बरू यसको साथमा अनेक बुद्धि र विचारको यस्तो संगठन बनाइएको छ कि एक अर्काको दोस्रो सित मेल मित्रता हुन सक्दैन् । सबैलाई अथवा दुई चारलाई एक गर्न अधर्मको काम सम्भिन्छ र फरक गर्नमा प्रयत्न गर्छन् । यसलाई धर्मको कुरो सम्भन्छन् । यसमा ठूला बुद्धि जीवीहरूले त यसको बीडा नै खाएका छन् । बरू "अहले हदीस" जुन कि कुर्आन व हदीस मात्रको मात्रै समर्थन गरेका छन्, तिनीहरू पनि यस रोगबाट बचन सकेनन् । सानोतिनो कुरामा इखतेलाफ (बिद्रोह) गरेर आफ्नो विचारलाई सुविचार र अर्काको विचारलाई कुविचार व गुमराह बताउछन् । जो चलन सहाबा रिजवानुल्लाह तअला अलैहिमको थियो कि फसाद र फूटबाट बच्दथे, र कहिले काही कुनै कुरामा फसाद हुन्थ्यो पनि, त लडाई झगडा गर्दैन्थे र अर्को नाम र पार्टी बनाउँदैन्थे, नमाज व मस्जिद आदि अलग गर्दैन्थे । आज त्यस उपदेशलाई सबैले ताखमा राखि दिएका छन् ।

केही व्यक्तिहरूले त सहाबाहरूमा पनि शत्रुता र मुखालिफत (बिद्रोह) प्रमाणित गर्छन्, बल व ज्ञान बुद्धि लगाउँछन् । कुनै विवेकी व्यक्तिको सामुन्ने "त इन्साअल्लाह" अल्लाह र रसूलको आदेशमा केही पनि विरोध प्रमाणित गर्न सक्दैनन् । तर आज धर्म गुरूहरूको मुटु त बिरामी भईसकेको छ । "अल्लाह तअला रहम गरून्" आमीन । यस तेह्रौ चौदौहौं शताब्दी इस्लाममा मुसलमानहरू एकताको लागि अत्यन्त प्रयत्न गर्छन् । ठूलो ठूलो धार्मिक उपदेश र सुधारको लागि यज्ञ (अन्जुमन) गर्छन् । जसमा ठूलो-ठूलो धार्मिक उपदेशको वक्तब्य अनेक विवेकी र बुद्धिजीवीहरूले गर्छन् बताउँछन् ।

तर छलकपट र बिद्रोह तथा पार्टी बन्दीमा केही पनि परिवर्तन हुँदैन ।

यसको कारण यो हो कि त्यस बिद्रोह, फूट आदि कुरा माथि कसैले पनि ध्यान गर्दैनन् । यो कारण के हो ? भने मात्र कुर्आन र हदीसको साधारण चलन र सोझोबाटो । साधारण चलन त्यो थियो जुन कि सहाबा इकरामले गर्दथे । उदाहरणको लागि यो भनौ जस्तै कुनै कुरा माथि कुनै साहाबाले उपदेश बक्तब्य दिइरहेका छन् । जब उसको बिपरीत कुनै आयत व हदीस कसैले याद गराई दियो वा सुनाई दियो, भने तुरून्तै आफ्नो कुरालाई छाडिदिन्थे । जस्तै - हजरत अबुबक्र रजिअल्लाहो तआला अन्होको पासमा एउटा मानिसको बाज्यैले वरास्तमा आफ्नो हक हिस्साको दावा गर्‍यो । उहाँले भन्नुभयो कि तिम्रो हक हिस्सा वरासतमा छैन । जब उसको हक हिस्साको वापत हदीस सुन्नुभयो त हिस्सा दिलाई दिनु भयो । (यो हदीस इब्ने माजा पेज नं. २०० मा छ)

एकचोटि हजरत उमर रजिअल्लाहो तआला अन्होले काबाको खजानालाई बाड्न हुकुम दिनु भयो । जब त्यसको बापत भनियो कि आँ हजरत सल्लल्लाहो तअलाले उसलाई बिभाजित गर्नु भएका छैनन् । तपाई पनि नगर्नुस् तुरून्तै आफ्नो कुरोलाई भंग गरि दिए । (यो हदीस बोखारी मतबूआ मिस्र पेज नं १७३ जिल्द चारमा छ) इत्यादि यस्ता धेरै घटनाहरू छन् । जसबाट यो थाहा हुन्छ कि तिनीहरूमा कस्तो प्रेम र सन्तोष थियो ।

अब आज यस्तो कुरा छ कि जसले जे कुरा ग्रहण गरेको छ । उसैको आधारमा बिश्वास गरेर अटल भएका छन् । यदि यसको बिपरीत कसैले केही आयात व हदीसको प्रकाश पार्‍यो भने त भन्दछन् कि के यो हदीस पहिले थिएन् ? के फला महापुरूषलाई यो

प्राप्त भएको थिएन ? तिमीलाई मात्र मिलेको छ। अथवा यसमा केही त्रुटि छ र यो महत्वपूर्ण छैन्।

भनाईको मतलब यो हो कि यताउतिको कुरा गरेर मान्दैनन्, र यो हुन सक्दैन कि आफ्नो जिद्दीलाई छाडि दिउँ। हदीसको आज्ञा पालन गरौं। याद राख्नुस् जब सम्म यो हेरफेर (केरकार) लाई छाड्दैनौ र सहाबाहरू जस्तै कुर्आन व हदीसको आज्ञा पालन गर्दैनौं तब सम्म इस्लामको बृद्धि विकास र एकताको फल देख्न अवसर प्राप्त हुँदैन। किन कि यस चलनबाट अल्लाहको तर्फबाट स्वीकारोक्तिको निर्णय भइसकेको छ। रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि–

"माआना अलैहे व असहाबी"। (यो हदीस तिरमीजी पेज नं. ९९ जिल्द दुई मतबुआ अहमदीमा छ।)

**अर्थः**- रसूलूल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि– "जन्नती पार्टी उही हुन्छ जो मेरो चलन र मेरो सहाबा इकरामको चलनलाई मन पराउँछ र उसैमाथि चल्न प्रयत्न गर्छ।" अर्थात् जुन प्रकार सहाबा इकरामले कुर्आन व हदीसलाई आधार मानेर उसै आधार भित्र रही जीवन व्यतीत गरेका छन्। ठीक उस्तै प्रकार जीवन व्यतीत गर्ने व्यक्ति मात्र जन्नती हुन्छ।

अल्लाह तआला सित बिनम्र प्रार्थना छ कि हामी सबै मुसलमान दाजुभाई, दिदी बहिनी र साना ठूलालाई यस्तो सदबुद्धि र शक्ति प्रदान गरून्। जसले गर्दा संसार व स्वर्ग (आखेरत) दुबै ठाउँमा इस्लामको वृद्धि विकास, सुख शान्ति एवम् मुक्ति प्राप्त होस् भन्ने प्रार्थना गर्दछु। (आमीन) व आखेरो दावाना अनिल हम्दो लिल्लाहे रब्बिल आलमीन। (आमीन)

समाप्त